आज मिति २०७५ साल मंसिर १५ गतेका दिन यस बराहताल गाउँपालिकाका अध्यक्ष श्री तेज बहादुर बस्नेत ज्यूको अध्यक्षतामा गाँउ कार्यपालिकाको ३० औ बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यहरुको उपस्थितीमा बस्यो ।

## उपस्थिती

| | | |
|---|---|---|
| १ | गा पा अध्यक्ष | श्री तेज बहादुर बस्नेत |
| २ | गा पा उपाध्यक्ष | श्री शोभा कुमारी शर्मा |
| ३ | का पा सदस्य | श्री तुलादेव भारती |
| ४ | का पा सदस्य | श्री योवराज कार्की |
| ५ | का पा सदस्य | श्री ~~दत्त बहादुर बसल मगर~~ सुरत वि.क. |
| ६ | का पा सदस्य | श्री टेक बहादुर कठायत |
| ७ | का पा सदस्य | श्री तिलक बहादुर मर्साङ्गी मगर |
| ८ | का पा सदस्य | श्री खगेन्द्र देव गिरी |
| ९ | का पा सदस्य | श्री कुल बहादुर बुचा |
| १० | का पा सदस्य | श्री मणिराज कार्की |
| ११ | का पा सदस्य | श्री झक्कड बहादुर पुलामि मगर |
| १२ | का पा सदस्य | श्री हरिलाल सलामी |
| १३ | का पा सदस्य | श्री भावना बस्नेत |
| १४ | का पा सदस्य | श्री रोशनी सुनार |
| १५ | का पा सदस्य | श्री कमला सुनार |
| १६ | का पा सदस्य | श्री चित्रा विश्कर्मा |
| १७ | का पा सदस्य | श्री डिलसरा राजी |
| १८ | का पा सदस्य | श्री शेर बहादुर सुनार |
| १९ | सदस्य सचिव | श्री यादब प्रसाद सापकोटा |

## सहयोगी कर्मचारी

श्री मोहन बहादुर बुढा लेखा अधिकृत

श्री पदमबहादुर कार्की ना.सु.

श्री खिमबहादुर रामजाली का स

__प्रस्ताव हरु__ :

प्रस्ताव नं. १, अपाङ्ग भएका ब्यक्तिको परिचयपत्र वितरण निर्देशिका २०७५ ।
प्रस्तव नं. २, खेलकुद बिकास समिति बरहताल गठन।
प्रस्ताव नं. ३, जस्तापाता, होमपाइप, पाइप, ग्याबिनजाली तार खरीद र तरजाली तालिम ।
प्रस्ताव नं. ४ कार्यपालिका तथा सभा सदस्य भ्रमण ।
प्रस्तव नं. ५, भवन आचार संहिता निर्माण सम्बन्धमा ।
प्रस्ताव नं. ६ आन्तरिक लेखा परिक्षक तोक्ने सम्बन्धमा ।
प्रस्तव नं. ७, सर सफाइ अभियान संचालन गर्ने सम्बन्धमा
प्रस्ताव नं. ८. डोजर चालक करारमा राख्न बिज्ञापन गर्ने सम्बन्धमा ।
प्रस्तवा नं. ९. बिद्यापुर क्याम्पसलाइ फर्निचर लगायतका सामाग्रीको भुक्तानी ।
प्रस्ता नं. १०. जगन्नाथ मा.बी. बिजौरा खेलकुद भुक्तानी सम्बन्धमा ।
प्रस्ता नं. ११. गोबरग्याँस प्लाण्ट सम्बन्धमा ।
प्रस्ता नं. १२. स्वास्थ्य चौकीहरुको खाता संचालन सम्बन्धमा ।
प्रस्ता नं. १३. एक गाउँ एक प्राबिधिक तर्फको कर्मचारी नियुक्ती सम्बन्धमा ।
प्रस्ता नं. १४. बायो चार प्रबिधिको तालिम खर्च भुक्तानी सम्बन्धमा ।
प्रस्ता नं. १५. तरकारी जोन घोषणा सम्बन्धमा ।
प्रस्ता नं. १६. जग्गा नाप जाँच लागत अनुमान स्वीकृती सम्बन्धमा ।
प्रस्ता नं. १७. हाते टयाक्टर र मोटरसाइकलको प्राविधिक प्रस्ताव सम्बन्धमा।
प्रस्ता नं. १८. बिविध :

__निर्णयहरुः-__

**निर्णय नं.१.** कार्यपालिकाको २९ औं बैठकले **"अपाङ्ग भएका ब्यक्तिको परिचयपत्र वितरण निर्देशिका २०७५"** छलफलकोलागि सामाजिक बिकास समितीमा पठएकोमा समितिबाट आवश्यक छलफल पश्चात कार्यपालिकामा निर्णयार्थ पेश हुदा दफावार छलफलगरि **"अपाङ्ग भएका ब्यक्तिको परिचयपत्र वितरण निर्देशिका २०७५"** पास गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.** कार्यपालिकाको २९ औं बैठकले **"खेलकुद बिकास समिति बराहताल गठन निर्देशिका २०७५"** छलफलकोलागि सामाजिक बिकास समितीमा पठाएकोमा समितिबाट आवश्यक छलफल पश्चात कार्यपालिकामा निर्णयार्थ पेश हुदा दफावार छलफलगरि **"खेलकुद बिकास समिति बराहताल गठन निर्देशिका २०७५"** सर्बसहमतीले पास गर्ने निर्णय गरि उक्त निर्देशिकाको दफा १३ बमोजिम बराहताल गाउँकार्यपालिकाले निर्देशिका बमोजिम साधारण सभाबाट समिति गठन नभए सम्मकोलागि तपशिल बमोजिमका

सदस्यहरुले आफू मध्येबाट आफैले पदाधिकारी चयन गर्नेगरी तदर्थ खेलकुद बिकास समिति बरहताल गठन गर्ने निर्णय गरियो ।

तपशिलः

क) चक्र बहादुर सलामी बराहताल गाउँपालिका वडा नं. १
ख) देवबहादुर बुढा बराहताल गाउँपालिका वडा नं. २
ग) अमृता बिष्ट बराहताल गाउँपालिका वडा नं. ३
घ) जनक थापा बराहताल गाउँपालिका वडा नं. ४
ङ) दिल बहादुर सारु बराहताल गाउँपालिका वडा नं. ५
च) दिपक बिसी बराहताल गाउँपालिका वडा नं. ६
छ) इन्द्र बहादुर मगर बराहताल गाउँपालिका वडा नं. ७
ज) गोपाल गुरुङ बराहताल गाउँपालिका वडा नं. ८
झ) माधव गुरुङ बराहताल गाउँपालिका वडा नं. ९
ञ) मेखलाल सलामी बराहताल गाउँपालिका वडा नं. १०
ट) राधा राजी बराहताल गाउँपालिका वडा नं. ४
ठ) बिमल गौतम बराहताल गाउँपालिका वडा नं. ५
ड) प्रमिला थापा बराहताल गाउँपालिका वडा नं. ७

निर्णय नं. ३. गाउँ सभाले **"जस्ता पाता होम पाइप खरिद तथा ग्याबिन जालि बुन्ने तालिम"** शिर्षकमा रु. ८५,००,०००।- रकम बिनियोजन गरेकोमा सो शिर्षकमा बाँकी रकम मध्येबाट जस्ता पाता रु. २५,००,०००।-, होम पाइप रु.३८,००,०००।-, ग्याविन जाली र जालि बुन्ने काममा रु. १७,००,०००।- रकम बराबरको सामाग्री खरिद गरी स्टक राख्न प्रमुख प्रशासकीय अधिकृतलाइ निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. गाउँ सभाले **"कार्यपालिका सदस्य अवलोकन भ्रमण"** शिर्षकमा रु. ५,००,०००।- रकम बिनियोजन गरेकोमा सो शिर्षकबाट बिगतमा गाउँपालिका तथा कार्यपालिका अध्यक्षज्यू को धनकुटा, इलाम, सुनसरी, सिन्धुलीको सघन कृषि तथा होमस्टे अवलोकन भ्रमण सम्पन्न गरि काठमाडौ सम्ममा भएको खर्च रु. ६२,०००।-भुक्तानी गर्न प्रमुख प्रशासकिय अधकृतला निर्देशन गर्ने, अन्य कार्यपालिका सदस्यहरुको मिति २०७५ साल मंसिर १८ गते देखी धनकुटा, इलाम, सुनसरी, सिन्धुली र काभ्रेपलाञ्चोक जिल्लाहरुको सघन कृषि विकास, अर्गानिक मल कारखाना, पूर्वाधार बिकास तथा होम स्टेहरुको अवलोकन भ्रमण गरी काठमाडौ भएर फर्कने कार्यक्रम स्वीकृत गर्ने र सभा सदस्यहरुको अवलोकन भ्रमणकोलागि तेश्रो गाउँ सभामा प्रस्तव लैजाने निर्णय गरियो ।

**निर्णय नं. ५.** दोश्रो गाउँ सभाबाट **"कानून निर्माण तथा परामर्श"** शिर्षकमा रु. ५,००,०००।- रकम बिनियोजन भएकोमा सो शिर्षकबाट भवन निर्माण आचार संहिता र मापदण्ड सम्बन्धी कानूनहरु निर्माणकोलागी रु. २,५०,०००।- र गाउँ पालिकाका अन्य कानूनहरु निर्माण गर्न रु. २,५०,०००।- रकम बिभाजन गरेर तदारुकताका साथ गाउँ पालिकालाइ आवश्यक कानून निर्माण गर्न प्रमुख प्रशासकीय अधिकृतलाइ निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६.**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ को उपदफा २ बमोजिम आन्तरिक लेखापरिक्षण गराउन कार्यालयमा कार्यरत स.ले.पा. श्री सरस्वती बुढालाइ तोकी जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ७.** जन चेतना मुलकरुपमा सरसफाइ कार्यक्रम गाउँपालिका क्षेत्र भित्रका दशवटै वडाहरुमा लक्षित बर्ग कार्यक्रम अन्तरगत बिनियोजित रकमबाट खर्च गर्नेगरी सर **"सफाइ अभियान"** संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८.** गाउँपालिकाले नयाँ खरिद गरेको ब्यवक व्हो लोडर चालकको लागी नियमानुसार विज्ञापनगरी सेवा करारमा चालक नियुक्ती गर्ने र विज्ञापनबाट चालक नियुक्त नभए सम्मकोलागी सम्बन्धित शिर्षकबाट खर्च गर्ने गरी मासिक ज्यालादारीमा डोजर चालक नियुक्त गरी कामकाज गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ९.** बिद्यापुर क्याम्पसबाट फर्निचर लगायतका सामाग्रीको मागभइ आएको सम्बन्धमा छलफलहुँदा उक्त क्याम्पसले पेश गरेका बिल भरपाइकै आधारमा रु. ५०००० मा नबढ्नेगरी सभाले बिनियोजन गरेको **"फर्निचर फिक्चर्स"** शिर्षक बाट भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाइ निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १०.** जगन्नाथ मा.बी. बिजौरामा एघारौं राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता संचालन हुने भएकोहुँदा सभाबाट बिनियोजित **"राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता"** शिर्षकबाटै रु. २५००० रकम उक्त बिद्यालयलाइ भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११.** नेपाल सरकारबाट सशर्त अनुदानकोरुपमा **"बायोग्याँस जडान"** शिर्षकको रु.४,२०,०००।- रकम, बैकल्पिक उर्जा प्रवर्धन केन्द्रबाट प्रासहुने अनुदान र सम्बन्धित उपभोक्ताको लागत साझेदारीमा गाउँपालिकाको वडा नं. ५ को रक्सेनी क्षेत्रमा २५ वटा गोबरग्याँस प्लाण्ट निर्माणरि सम्बन्धित उपभोक्तालाइ हस्तान्तर गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२.** गाउँपालिका क्षेत्र भित्रका सवै स्वास्थ्य संस्थाको बैक खाता सम्बन्धित स्वास्थ्य संस्थाका ब्यवस्थापन समितिका प्रमुख र सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुख दुवै जनाको संयुक्त दस्तखतबाट ससंचालनहुनेगरी बैक खाता खोल्न निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १३.** साविक जिल्ला पशुसेवा कार्यालयबाट नियुक्त भइ हाल सम्म सिम्ता गाउँपालिकामा कार्यरत एक गाउँ एक प्राबिधिक तर्फको कर्मचारी ना.प्रा.स. श्री युवराज थापालाइ २०७६ साल आषाढ मसान्त सम्मकोलागी नेपाल सरकारले सो पदकोलागि बिनियोजित गरेको रकमबाट सोही पदकोलागि तोकिएको स्केल बमोजिम तलब भत्ता खानेगरी नियुक्ती दिन र साविक हरिहरपुर गाविसको क्षेत्रमा कार्यक्षेत्र तोकी आजकै मितिबाट कामकाज लगाउन प्रमुख प्रशासकीय अधिकृत लाइ निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १४.** नास्टका बैज्ञानिक डा. श्री रविन्द्र ढकाललाइ अनुरोध गरी बराहताल गाउँपालिका क्षेत्रका अगुवा कृषक, जनप्रतिनिधी, शिक्षक, OJT मा रहेका कृषि तर्फका बिद्यार्थीहरुलाइ दुइ दिन सम्म बायो चार सम्बन्धी तालिम प्रदान गर्नु भएकोमा उक्त तालिमको प्रति दिन रु. १५००० कार दरले दुइ दिनको जम्मा रु. ३०,०००।- रकम दुइ तर्फी टकट बमोजिमको प्लेनभाडा र दुइ दिन- दुइ रात बास तथा खाना खर्च भुक्तानी गर्न बाँकी रहेको हुँदा उक्त रकम सभाबाट बिनियोजित **"१० वटै वडाहरुमा बायोचार प्रविधी सहित अर्गानिक कृषी बिस्तार"** शिर्षकबाट तत्काल भूक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृत लाइ निर्देशन दिने निर्णय गरीयो ।

**प्रस्ताव नं. १५.** कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेशलाइनै अर्गानीक प्रदेश भनि नीतिगत निर्णय गरिसकेको परिप्रेक्षमा गाउँपालिका क्षेत्रबाट बजारको सहज पहुँच भइ तरकारी उत्पादनको प्रसस्त सम्भावना रहेको हुनाले **बराहताल गाउँपालिकालाइ अर्गानिक तरकारी जोन घोषणा गर्ने र प्रधान मन्त्री कृषिआधुनिक परियोजनालाइ तरकारी जोनकोलागि सिफारिस गर्ने निर्णय गरियो ।**

**प्रस्ताव नं. १६.** दोश्रो गाउँसभाले बराहताल समग्र नापनक्सा र निस्सा बितरण शिर्षकमा रु. ५२,२५,०००।- र अनाथ गरिवी नक्साङ्कन सहितको पार्श्व चित्र शिर्षकमा रु. २०,००,०००।- बिनियोजन गरेकोमा उक्त दुवै रकमबाट संयुक्तरुपमा ऐलानी पर्ती जग्गा नापनक्सागरी जग्गा जमिनको लगत, नक्सा, मोठको बिद्युतिय कपी समेत तयार गरी सवै जनसंख्या जातजाती तथा समग्र बराहतालको Comics & Social Mapping बिवरण तयार गर्नेगरी लागत अनुमान पेश भएकोमा सो सम्बन्धमा छलफलगर्दा संलग्न लागत अनुमान स्वीकृती गर्ने निर्णय गरियो ।